जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ८२ २०८२ साल कात्तिक ८ गते शनिबार (25 Oct 2025 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलामा छठको तयारी ... ३ पृष्ठमा : छठमा धाप ड्यामको पानी ... ३ पृष्ठमा : दक्षिण भारतमा ...

## छठ पर्वको चहल पहल सुरु, आज नहाय खाय

**दैनिक समाचारदाता**
**राजविराज, ७ कात्तिक ।**

लोक आस्थाको पर्व छठ आज (शनिबार) देखि विधिवत रुपमा सुरु भएको छ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन अरबा-अरबाइन (नहाय खाय), दोस्रो दिन खरना, तेस्रो दिन बेलुकी अस्ताउन लागेको र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिई पूजा गरिन्छ ।

सप्तरीमा पनि छठ पर्वका लागि धमाधम तयारी भइरहेको छ भने पुजा सामाग्रिहरु किनमेलका लागि अहिले बजारमा चहलपहल बढेको छ ।

छठ पूजाका लागि आवश्यक पर्ने सामानहरूलाई चोखो राख्न ब्रतालुहरूले विशेष रूपमा रेखदेख गर्छन् भने यस पर्वमा फलफूल, अदुवाको बोट, उखु, सुथनी, पानी फल, नरिवल, बोडी, नाङ्लो, कन्या, ढकी, माटोको दियो र कराई आवश्यक पर्छ । पूर्णरूपमा शकाहारी हुने यो पर्वमा ठकुवा, भुसुना, फलफूल र कसारले विशेष महत्व राख्दछ ।

यता छठ पर्वलाई व्यवस्थित गर्न स्थानीय युवकहरूले समिति बनाई व्यवस्थापन गर्ने गरेका छन् भने यो पर्व जलाशय, पोखरी वा नदी भएको स्थानमा मनाइन्छ ।

राजविराजस्थित भगवति मन्दिरको पोखरी, कल्टु दास पोखरी, पूर्णी पोखरी, सकलदेव दास पोखरी, तुरन्ती पोखरी तथा जिल्लाको कंचनपुर, भारदह, हनुमाननगर, रुपनी, कल्याणपुर सहितको दर्जनौ ठाउँमा घाट बनाएर भव्यतापूर्वक पूजापाठ गर्ने तयारी गरिदै छ । यस्तै भारदहस्थित कोशी व्यारेजमा सप्तरी, सुनसरी, सिरहासहित सीमावर्ती भारतीय गाउँबाट समेत आएर श्रद्धालुहरुले छठका लागि स्थान ओगटदै छन् ।

सुरुमा तराइवासीहरूले मात्र मनाउने यो पर्व हिजोआज अन्य जाति एवं राजधानी लगायत पहाडी क्षेत्रमा समेत मनाउन थालिएपछि सरकारले छठ पर्वको अवसरमा सार्वजनिक विदा समेत दिने गरेको छ । यता मधेश प्रदेश सरकारले यस पर्वको अवसरमा सोमबार र मंगलबार गरि दुई दिन बिदा दिएको छ ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र अरोग्यका लागि यो पर्व मनाउने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ । आरोग्य र दीर्घायुसँग जोडिएको छठ पर्व मनाउनुको पछाडी धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि पाइन्छ ।

पर्वको पहिलो दिन चतुर्थीमा ब्रतालु महिला एवं पुरुष नृत्यकर्मपछि शुद्ध शाकाहारी खाना खान्छन् । यसलाई 'नहाय खाय' अर्थात नुहाएर खानु भनिन्छ । यो दिन नुहाई, धुवाँई, चोखो भई ब्रतालु महिला एवं पुरुषहरुले लहसुन, प्याज नहाली कालो नुन प्रयोग गरि खाना खाने गर्छन् ।

यस्तै दोस्रो दिन पञ्चमीमा दिनभरि उपवास बसिन्छ, यस दिनलाई 'खरना' भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रती यो दिन दिनभरि उपवास बस्ने गर्छन् । खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ । यो दिन बेलुकीपख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सख्खर, दूध र चामलको खीर पकाइन्छ । सो खीर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र चढाइसकेपछि व्रतीले प्रसादको रूपमा ग्रहण गर्छन् । परिवारका अन्य सदस्यहरूले पनि यसलाई प्रसादको रूपमा ग्रहण गर्ने चलन रहेको छ ।

पर्वको तेस्रो दिन षष्ठी उपवास बसेका ब्रतालुहरु साँझपख जलाशयमा गई अस्ताउँदो सूर्यको पुजा गर्ने गर्छन् । र चौथो दिन बिहान पुनः जलाशयमा गई उदाउँदो सूर्यको पुजा गरि समाप्त हुन्छ ।

## दूतमार्ग निर्धारित मितिमै सम्पन्न हुन्छ, लागत बढ्दैन : सेना

काठमाडौं, ७ कात्तिक (रासस) ।

देशको प्रमुख सुरक्षा सङ्गठन नेपाली सेनाले रणनीतिक महत्त्वका ३२ वटा सडक आयोजना सम्पन्न गरेको छ ।

त्यसक्रममा एक हजार ४०० किलोमिटरभन्दा बढी सडकको 'पाइलट ट्रयाक' खोली सरकारलाई हस्तान्तरण गरिसकेको नेपाली सेनाको युद्धकार्य निर्देशक मनोज थापाले जानकारी दिनुभयो ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली करिडोरको खार्पुनाथस्थित चुवा खेलामा बेलिबृज जडानपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । यसमा पनि नेपाली सेनाको योगदान रहेको छ । नेपाली सेनाले हाल खाँदवारी-किमाथाङ्का, कर्णाली करिडो, बनीघाट-आरुघा-लर्कभञ्ज्याङ र दार्चुला-टिंकरणसहितका पाँच वटा सडक आयोजनाअन्तर्गत करिब २७४ किलोमिटरभन्दा बढी सडक निर्माण गरिरहेको छ ।

राष्ट्रिय गौरवका ती आयोजनालाई तोकिएकै मितिमा सम्पन्न गर्न सेनाले प्राथमिकताका साथ कार्य गरिरहेको निर्देशक थापाले जानकारी दिनुभयो । नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको काठमाडौं-तराई मधेश द्रूतमार्ग सडक निर्माणको काम तदारुकताका साथ अघि बढिरहेको उहाँले बताउनुभयो ।

विसं २०७४ वैशाखमा उक्त सडक निर्माणको जिम्मेवारी सेनाले लिएको थियो । जिम्मेवारी प्राप्त भए पनि विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरु गर्न केही ढिलाइ भएको थियो । कूल ७० दशमलव ९७७ किमी लम्बाइको उक्त आयोजनाको भौतिक प्रगति हाल ४३ दशमलव छ र वित्तीय प्रगति ४४ दशमलव ७२ रहेको आयोजना निर्देशक धर्मेन्द्रकुमार झाले जानकारी दिनुभयो । द्रूतमार्गअर्न्तगत ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्ने छ । तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल रहने छन् ।

त्यस्ता पुलसमेत निर्माणको अन्तिम चरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति विस २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत रु दुई खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न हुने झाले स्पष्ट पार्नुभयो ।

यो काठमाडौं उपत्यकासँग मध्यतराईको सिधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुनेछ । निर्माणपछि तराईबाट काठमाडौंमा ल्याइने सामान ढुवानीमा ठूलो मात्रामा लागत र समय घट्ने तथा मुलुकको आर्थिक विकासमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## सीसी टिभी क्यामरामा कैद भएका चोर खोज्दै प्रहरी



**दैनिक समाचारदाता**
**राजविराज, ७ कात्तिक ।**

राजविराज ७ निवासी अमोद चन्द्र झाको घरमा पटक/पटक चोरी गर्न पल्केका चोरको खोजीमा प्रहरीले सकृयता बढाएको छ । घरपट्टी झा बाहिर गएको मौका छोपी दुई पल्ट उनकै घरमा लाखौंको धनमाल चोरी गर्ने चोरको खोजीमा प्रहरी सकृय भएका हुन ।

पछिल्लो पटक २०८२ साल असोज २४ गते काम विशेषले सपरिवार भारतको दरभंगा गएका बेला उक्त घरबाट सुन, चाँदीका गरगहना, भाडाकुडा र लत्ताकपडा गरी ८ लाख मुल्य बराबरको धनमाल चोरी भएको पीडित परिवारको भनाई छ ।

घरपट्टी झाका छिमेकीको घर बाहिर जडान गरिएको सीसी टिभी फुटेजबाट अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी डम्बर बहादुर पुरीले जानकारी दिए ।

यसअघि पनि २०८१ साल फागुन १६ गते झा परिवार काम विशेषले घर बाहिर गएका बेला

*बाँकी अन्तिम पृष्ठमा*

## बगहीमा नेपाल-भारतको साझा छठघाट

महोत्तरी, ७ कात्तिक (रासस) ।

महोत्तरी र धनुषाको सीमामा रहेको बिगही नदीमा नेपाल–भारतको साझा घाट निर्माण गरिएको छ । बिगही नदीछेउमा करिब दुई किलोमिटर लामो आकर्षक घाट निर्माण गरिएको हो ।

नेपालतर्फ मटिहानी नगरपालिकाका वडा नं ६, ७ र ८ धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-३ को तुलसियाही तथा भारततर्फ मधवापुर र रामपुर बजारका बर्तालुका लागि छटघाट निर्माण गरिएको मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिनुभयो ।

दुई देश र दुई राष्ट्रियता भए पनि समान धर्म, संस्कृति, चाडपर्व, बिहेवारी र सुखदुःख आदानप्रदानको उन्नत प्रचलनले दुवै देशका नागरिकले साझा छठ घाट निर्माण गर्दै आएका उहाँले बताउनुभयो । "माझमा दशगजाले दुई देश छुट्याएको छ । हाम्रा वेषभूषा, भाषा, संस्कृति र चाडवाड समान छन् । हामीबीच सांस्कृतिक चाडपर्व एकआपसमा मिलेर मनाउने संस्कृति स्थापित छ, यो घाट यसैको उदाहरण हो", नगरप्रमुख मण्डलले भन्नुभयो ।

शनिबार यसपालिको महापर्व छठ 'नहाय-खाय' विधिबाट सुरु हुँदैछ । लोक आस्थाको यस पर्वमा आइतबार 'खरना', सोमबार 'सझुकाघाट' र मङ्गलबार बिहान 'पारन' (भोरका घाट) विधि गरेर सम्पन्न गरिने छ । यसैका लागि नेपाल भारतको यो साझा घाट सजाउन नेपाल तर्फका मटिहानी र तुलसियाही एवं भारत तर्फका मधवापुर र रामपुरका नागरिक जुटेका छन् ।

सूर्यदेव र षष्ठीदेवी ( बोलीचालीमा छठीदेवी) को उपासना गरिने यो पर्वमा निराहार व्रतको कात्तिक शुक्ल षष्ठी तिथिका साँझ अस्ताउँदो र सप्तमी तिथिको बिहान उदाउँदो सूर्यलाई यसै घाटमा नुहाएर व्रतालुले अर्घ्य (अर्घ) दिनेछन् । यस घाटमा दुवै देशका गरी दुई हजारभन्दा बढी व्रतालुले अर्घ्य दिने र छठ घाट हेर्न १० हजारभन्दा बढी श्रद्धालु उपस्थित हुने अनुमान रहेको मटिहानी-७ का वडाध्यक्ष जितनारायण माझीले बताउनुभयो ।

सझुकाघाटमा अर्घ्यको समयदेखि भोलिपल्ट बिहान भोरकाघाटको अर्घ्य दिँदासम्म व्रतालु र परिवारजन घाटमै छठी गीत गाउँदै जाग्राम बस्ने गर्छन् ।

**निमोनियाबाट बचौं र बचाऔं।**

निमोनिया संक्रमणका लक्षणहरुः
❖ज्वरो आउने, खोकी लाग्ने,
❖स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
❖स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
❖शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

बालबालिकालाई निमोनियाबाट बचाउनः
❖नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
❖आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
❖धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
❖सरसफाईमा उचित ध्यान दिऔं ।
❖संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मिथिलामा छठको तयारी सुरु

**अजयकमार**
धनुषा, ७ कात्तिक (रासस)।

मिथिलामा शुद्धता र आपसी सद्भावको पर्व छठको तयारी सुरु भएको छ। विगतमा मधेसी समुदायमा मात्र सीमित रहेको यो पर्व पछिल्ला वर्षमा राजधानी काठमाडौँलगायत पहाडमा पनि मनाउन थालिएको छ।

छठ पर्वको अवसरमा यही कात्तिक १० गते सङ्घीय सरकारले सार्वजनिक बिदा घोषणा गरेको छ भने मधेश प्रदेश सरकारले छठ पर्वको भोलिपल्ट पनि सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

छठका लागि मधेस प्रदेशको मुख्यालय जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चल क्षेत्रका सबै गाउँ सहरका पोखरी, नदी, तलाउमा तयारी सुरु भएको मैथिली संस्कृतिका जानकार रामभरोस कापडीले बताउनुभयो।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले छठलाई लक्षित गरी जलाशय सरसफाई, घाट निर्माण, खाल्डाखुल्डी पुर्ने, सडक मर्मत सुरु गरिएको बताउनुभयो। प्रायः स्थानमा जनस्तरबाटै छठघाटहरू सजाइने गरिए पनि जनकपुरधामस्थित गङ्गासागर, धनुष सागर, अरगज सरलगायतमा स्थानीय तह समेतको सहयोगमा घाट सरसफाइ र सजावट भइरहेको छ। जनकपुरधाममा गङ्गासागर, धनुषसागर र अरगजा पोखरीमा बढी भीड लाग्ने गर्छ।

छठ नजिकिएसँगै स्थानीयहरु पनि किनमेलमा सक्रिय भएका छन्। छठ पर्वको लागि मुख्य प्रसादको रुपमा केराको घरी चढाउनु पर्ने भएको हुँदा क्षीरेश्वरनाथ नगरपालिका-७ स्थित नयाँ बजारमा केरा खरिद आउनुभएको अनिता देवी यावदले यस पटक केराको मूल्य बढेको बताउनुभयो।

धनुषा जिल्लाको महेन्द्रनगर, ढल्केवर, सबैला, गोदार, शहीदनगर, वीरेन्द्र बजारलगायतका स्थानमा पोखरी, तलाव, नदीमा छठ पर्व मनाउने चलन रहेकाले ती स्थानमा पनि धमाधम तयारी भइरहेको जिल्ला समन्वय समितिका संयोजक राजनन्दन मण्डलले बताउनुभयो।

छठ निकै कठिन पर्व मानिन्छ। सामाजिक संस्कृतिका अभिन्न अङ्ग मानिएको छठ पर्वमा सत्य, अहिंसाप्रति मानवको रूचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने विशेषता रहेको छ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही नै यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ। वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो। वेदमा सूर्यलाई ऐश्वर्यका रूपमा र ऋग्वेदमा सूर्यलाई नै सबै देवताको स्रोत मानिएको छ। सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट नै बाँचेका छन्। ऋग्वेदमा भनिएको छ, "सूर्य आत्मा जगतस्य स्थुपश्च" अथर्ववेदमा त सूर्यलाई ब्रह्मको साकार रूप नै मानिएको छ। महाभारतमा पनि सूर्यलाई सम्पूर्ण जगतका प्राणी सित सम्बद्ध भएको उल्लेख गरिएको छ।

सूर्योपनिषद्मा सूर्यलाई ब्रह्मा, विष्णु र रूद्र भनिएको छ। भगवान् श्रीकृष्ण लौकिक लीला समाप्त गरी अन्तमा सूर्यनारायणमा नै विलीन हुनुभएको प्रसङ्ग पनि रहेको छ। वेदमा सूर्यलाई चौधवटा नामले सम्बोधन गरिएको छ। सूर्यको महात्म्यबारे यजुर्वेद, सामवेद, शुक्लवेद, गीता, मार्कण्डेय पुराण, सूर्य पुराण र साम्य पुराणआदिमा उल्लेख गरेको पाइन्छ। सूर्यकै उपासनाबाट याज्ञवल्क्यले ज्ञान प्राप्त गरेको आख्यान पनि रहेको छ।

जनकपुरधाममा सबैभन्दा बढी व्रतालु आउने मुख्य ठाउँका रूपमा गंगासागर, धनुषसागर र अरगजा पोखरी रहेका छन्। नगरको बीच भागमा रहेका यी पोखरीमा प्रत्येक वर्ष छ हजार देखि १५ हजार छठैतिन र छठका व्रतालुले छठ पर्व गर्ने गरेको अनुमान छ।

छठ पर्वले एक ठाउँमा भेला गराएर साँचो अर्थमा समान व्यक्तित्वको आदर्शसमेत स्थापित गर्दछ। यही आस्था र विश्वासले यहाँका इतिहास वर्णित जलाशयलाई सरसफाइ गरी बेहुली झैं सिङ्गारिएको छ। आस्थाको महापर्वका रूपमा छठ पर्व वर्षमा दुईपटक मनाउने गरिन्छ। शरद् ऋतुको कार्तिक षष्ठीका दिन र अर्को वसन्त लागेको चैत महिनाको षष्ठीको दिन मनाइने पर्वमा श्रद्धालुमा अन्य पर्वभन्दा भिन्नै उल्लास र आस्था हुन्छ।

सूर्यको आराधनाबाट सुख, समृद्धि र सन्तान प्राप्ति एवं चर्म रोग निको हुने जनविश्वास छ। यो पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य पनि त्यतिकै छन्।

ज्योतिषशास्त्रका आधारमा छठ पर्वको समयमा ब्रम्हाण्डमा सूर्य दक्षिणायनतिर हुने भएकाले कन्या राशि समय पर्ने र यस बेलालाई सूर्यको प्रकाश प्रखर तथा प्रभावशाली र मानवका लागि आल्हादकारी समेत मानिएको छ। छठ शब्द षष्ठी शब्दको तद्‌भव रूप हो। षष्ठीका दिन षष्ठीका देवी समेतको पूजा हुने भएकाले यस पर्वको नाम षष्ठी, छठी हुन गएको हो तर अपभ्रंशमा षष्ठी, छठीबाट छठ हुन गएको बुझिन्छ। धर्मग्रन्थमा छठ पर्वको नाम षष्ठी व्रत, सूर्य षष्ठी पर्व, रवि षष्ठी व्रत र छठी पर्व उल्लेख छ।

छठ र सूर्य पूजामा भिन्नता :
काँचहि बाँसके टोकरिया हो दीनानाथ
टोकरी लचकत जाय
बाटमे पुछए जे बटोहिया
टोकरी केकर जाय रु
आन्हर होयबे रे बटोहिया
अरघक टोकरी छठि मायके जाय।

छठका अवसरमा मैथिल कन्याद्वारा प्रसाद सामग्री बोकी कुनै नदी वा तलाउसम्म जाने बेला गाइने यो प्रचलित लोकगीतमा दीनानाथ र छठीमायलाई सम्बोधन गरिएको छ। यसको अभिप्राय हो- दीनानाथ अर्थात् सूर्यदेव, छठीमाय अर्थात् षष्ठीका देवी दुवैको छठ पर्वमा पूजा हुन्छ। यस पर्वको वैदिक नाम सूर्य-षष्ठी रहेको छ। यसमा मुख्य पूजा सूर्यको हुँदाहुँदै षष्ठीका देवीको पूजा पनि हुन्छ। षष्ठीका देवीको पूजा गौण रूपमा हुन्छ। जस्तो राधाकृष्ण, सीताराम, गौरीशंकर एक अर्काका पूरक हुन्छ, त्यस्तै सूर्यषष्ठी पूजा पनि हुन्छ।

सूर्यको पूजा गर्दा षष्ठीका देवी अर्थात् छठमाताको र छठमाताको पूजा गर्दा सूर्यदेवको पूजा हुने गरेको मान्यता पाइन्छ। षष्ठीका देवीलाई अह्लादिका शक्तिका रूपमा गौण पूजा हुने गरेको विश्वास रहेको छ। अस्ताउँदो सूर्यलाई दिइने अर्घ छठमाताको हुन्छ भने उदाउँदो सूर्यलाई दिइने अर्घ सूर्यदेवको हुन्छ भन्ने तर्क समेत पाइन्छ। षष्ठीका देवीलाई कार्तिकेयको पत्नी मानिन्छ र षष्ठीका देवीलाई प्रकृतिको छैटौं अंश र देवसेना पनि भनिएको छ।

पौराणिक ग्रन्थहरूमा छ अंश षष्ठी र एक अंश सूर्यलाई मानिएकाले षष्ठीलाई छठमाता र सप्तमीलाई सूर्य मानिन्छ। षष्ठी र सूर्य गरी सात अंश अंकको अधिक महत्व रहेको छ।

साताको सात दिन, सूर्यदेवको रथमा सात घोडा, सात समुद्र, सात अजुवा, संगीतको सात सुर आदि कुरा सूर्यसँग सम्बन्धित रहेको पुष्टि हुन्छ। यस पर्वमा व्रतालुको आस्था र कठोरतालाई लोकगीतमार्फत यसरी व्यक्त गर्ने गरिएको छ -
केरा जे फरल घउरमे ओहि पर सुगा मंडराय
मारबौ रे सुगबा धनुषसँ सुगा गिरे मुरूझाय
सुगनी जे कानति वियोगसँ दीनानाथ होयब सहाय

अर्थात् छठपूजाका लागि राखिएको केरालाई जुठो नपार, नत्र सुगा धनुष वाणले हान्छु र तिमी मर्छौ भने तिम्रो सुगनी (दुलही) रून्छे, हे दीनानाथ सोको पाप मलाई नलागोस् भनी सूर्यदेवलाई कामना गरिएको गीतको भावले पनि यस पर्वमा चढाइने कुनै पनि कुरा स्वच्छ र पवित्र हुनुपर्दछ भन्नेतर्फ इङ्गित गर्दछ।

**यसरी सुरु भयो छठ पर्व**

सूर्य पुराणमा वर्णित कथाअनुसार कार्तिक शुक्ल षष्ठीका दिन हुने छठ पर्व सर्वप्रथम अत्रि मुनिकी पत्नी सती अनुसुयाले सुख, समृद्धि र आफ्नो दाम्पत्य प्रेमको निष्ठाका लागि गरेकी थिइन्। सोही समयदेखि यस पर्वको थालनी भएको मानिन्छ।

त्यस्तै द्वापर युगको महाभारतकालमा पाण्डव अज्ञात बासमा हुँदा द्रौपदीले आफूहरूको अज्ञात बास सफल होस् भनी कामनाका साथ सूर्यदेवलाई आराधना गरेको महाभारतमा उल्लेख छ।

ऋग्वेदमा 'अदित्यो वै तेज ओजो बलं यशश्चक्षः श्रोय आत्मामनः' उल्लेख छ, जसको अभिप्राय आदित्यमण्डलको अन्तःस्थित सूर्यदेव अधिक प्रेरक, अन्तर्यामी परमात्मा स्वरूप छ तथा सूर्य नै बल, यश, चक्षु, स्रोत, आत्मा र मन हो।

श्रापबाट पीडित प्रसिद्ध कवि मयूर भट्टले सूर्यको उपासनाबाट सुन्दर कञ्चन शरीर पुनः प्राप्त गर्नुभएकाले नै त्यहीँदेखि सूर्यको आराधना शुरु भएको मत पनि पाइन्छ।

**यस्तो छ छठ पर्व मनाउने विधि**

यस पर्वको विधि चतुर्थीदेखि नै सुरु हुन्छ। चतुर्थीका दिन व्रतालुले शुद्ध साकाहारी भोजन गर्ने गर्छन्, जसलाई अरबा अरवाइन र नहाय- खाय अर्थात् नुहाएर खानु भनिन्छ।

पञ्चमीका दिन गोबरले घर-आँगन लिपपोत गरी पवित्र भई दिनभरि उपवास बसेर साँझपख शुद्ध दूधमा खीर पकाई, केरा, मिष्ठान्न, फलफूल इत्यादि प्रसाद चन्द्रमालाई अर्पण गरी व्रतालुले आफू पनि ग्रहण गर्ने गर्दछन्, यसलाई खरना भनिन्छ।

षष्ठीका दिन गहुँको पीठो र चामलको पीठोबाट क्रमशः ठकुवा र भुसवा पकाइन्छ र बेलुकी सूर्यास्त हुनुभन्दा अगावै पवित्र जलाशय भएको स्थानमा गई पूजा गरिन्छ। प्रसादका रूपमा ठकुवा, कसार, केरा, उखु मूल परिकार हुन्छ भने अन्य सामग्रीमा विभिन्न फलफूल, मेवा मिष्ठान्न, गेडागुडी, कन्दमूल, नरिवल, सुन्तला, किसमिस लगायतका विभिन्न वनस्पति पनि राखिन्छ।

सबै सामग्री तयार भएपछि बाँसबाट बनेको कोनिया, कनसुपती, नाङ्लो, माटोको कुरबार सजाएर ठूलो ढकीमा राखेर नदी, पोखरी वा खोलाको किनारमा गई सबैथोक सजाएर राखिन्छ। व्रत बस्नेहरू कम्मरसम्मको पानीमा बसेर अस्ताउन थालेको सूर्यलाई अर्घ दिन्छन्।

सप्तमीका दिन बिहान उषाकालमा व्रतालुले पुनः अघिल्लो दिनको क्रम दोहोऱ्याउँछन्। सूर्यलाई अर्घ दिँदा परिवारका सदस्यले गाईको दूध चढाउँछन्। 'ओम सूर्यायै नमः, ओम भास्करयै नमः'को मन्त्रोचारण गरी व्रतालुले सूर्यदेवको आराधना गर्ने गरेको पाइन्छ।

**जनव्रतको रूप छठ पर्व**

छठ पर्वलाई जनव्रतको रूप लिइसकेको छ। जुनसुकै जाति र धर्मका आस्थावानले छठ पर्व मनाउन सकिने भएकाले आर्थिक अभाव रहेकाले भिक्षा मागेर पनि छठ पर्व मनाउने गरेको पाइन्छ। छठ पर्वको मूल सन्देश समन्वय, समावेशी र सादगिपन हो। यसमा महिलाको अगुवाइमा समाज र परिवारको हितका लागि संकल्प गर्नु महत्वपूर्ण पक्ष हो।

यसका साथै अस्ताउने र उदाउने दुइटै सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दुःख, रोदन र हाँसोलाई समान रूपमा र जीवनकै पाटोका रूपमा लिइनु हो।

धनी, गरिब, कथित तल्ला र माथिल्ला जाति एकै ठाउँमा यस पर्वमा उपस्थित भई पूजा गर्नु ईश्वरीय सत्ताको दृष्टिमा सबै समान हुन्।

सूर्यको उपयोगिता कृषि संस्कृतिमा अपरिहार्य भएकाले उनीप्रति कृतज्ञताको अभिवृद्धि पनि यस पर्वले दिन्छ। आफ्नै गाउँघरका खेतबारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु छठ पर्वको थप मौलिकता हो, जो श्रमको सम्मानको परिचायक रहेको छ। यसमा श्रमको वैज्ञानिक रूप देखिन्छ। श्रमशक्तिले काम गर्न पाउन भन्ने कुरालाई समेत सूक्ष्म दृष्टिले विचार गरिएको पाइन्छ।

**सबै किसिमको श्रमको सम्मान र उपयोग**

छठ पर्वमा बाँसको काम गर्ने, माटोको काम गर्ने र कृषि उत्पादन गर्ने जस्ता श्रमलाई उपयोग गरिएको पाइन्छ। यो पर्व पारिवारिक जमघटको अवसर पनि हो। परिवारबाट टाढाटाढा बसेका व्यक्ति पनि छठ पर्व मनाउन आफ्नो घर फर्कने गर्दछन् जसले पारिवारिक मेल र आत्मीयताको अभिवृद्धिको अवसरसमेत प्रदान गर्दछ।

विभाजन, द्वेष, एकले अर्काको अस्तित्वलाई अस्वीकार गर्ने वर्तमान अवस्थामा छठ पर्वले सबैलाई एउटै स्थलमा उभ्याउने र मानवलाई मानव भएर जिउनमा सहयोगीसमेत सिद्ध भएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचन तयारी : पन्ध्र नयाँ दल दर्ताको निवेदन, अध्ययन गर्दै आयोग

**प्रकाश सिलवाल**
काठमाडौँ, ७ कात्तिक (रासस)।

निर्वाचन आयोगले नयाँ राजनीतिक दल दर्ताका लागि निवेदन दिइएका १५ दलको कागजात स्वीकृतिका लागि अध्ययन गरिरहेको जनाएको छ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा हुनुअघि १० र घोषणापछि पाँच वटाले दल दर्ताका लागि निवेदन दिएको र ती दलको कागजात विचाराधीन अवस्थामा रहेको आयोगको भनाइ छ। सामान्यतः आयोगमा दल दर्ताका लागि जहिले पनि निवेदन दिन सकिने भए पनि जेनजी आन्दोलनपश्चात नयाँ सरकार गठन भई प्रतिनिधिसभा विघटन र निर्वाचन घोषणा भएको परिवेशमा युवा पुस्ताको समेत सहभागितामा दल दर्ताको क्रम देखिएको छ। आयोगले प्रक्रिया पुग्नेहरुलाई आवेदन स्वीकृत हुने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

निर्वाचन घोषणापछि धरान उपमहानगरपालिकाका प्रमुख हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टीले गत असोज ७ गते दल दर्ताको लागि निवेदन दिएको थियो। साथै गोपीलाल न्यौपाने नेतृत्वको नेपाल लिबरल पार्टीले 'सिक्का' चिन्हसहित यही कात्तिक २ गते दर्ताको निवेदन दिएको थियो।

अधिवक्ता डा सुरेन्द्र भण्डारी नेतृत्वको नेपाल नागरिक पार्टीले गत असोज ९ गते आयोगमा दर्ताका लागि निवेदन दिएको थियो। गत असोज ३० गते दिनेशराज प्रसाईं नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टीले 'ज्योति' चुनाव चिन्हको मागसहित दर्ताका लागि निवेदन दिएको छ।

दल दर्ताका लागि हिराप्रसाद सोती नेतृत्वको राष्ट्रिय जेनजी पार्टी नेपालले यही कात्तिक २ गते आयोगमा निवेदन दिएको छ। यो दलले 'क्रस खुकुरी' निर्वाचन चिन्ह मागेको छ।

आयोगका प्रवक्ता भट्टराईले उमेर समूह खुल्ने प्रकृतिको दलको नाम र 'क्रस खुकुरी' निर्वाचन चिन्ह हालसम्म कसैले नपाएको अवस्थामा यसबारे आयोगले प्रचलित व्यवस्था र अभ्यास हेरेर निर्णय गर्ने बताउनुभयो।

यसैगरी आयोगमा निर्वाचन घोषणापूर्व दर्ताको निवेदन प्राप्त भएका १० दलको कागजात नपुगेकाले स्वीकृति नदिइएको उहाँको भनाइ छ। त्यसमा उज्यालो नेपाल, राष्ट्रिय परिवर्तन पार्टीलगायत छन्। आयोगले कागजात पुगेकाको हकमा दर्ताको निवेदन दिएको ४५ दिनभित्र निर्णय दिने गरेको छ। आयोगमा यसअघि १२२ दल दर्ता भएकामा यसबीचमा दुई दल विभाजन भई १२४ दल पुगेका छन्।

*बाँकी तीन पृष्ठमा*

# छठमा धाप ड्यामको पानी बगाएर बागमतीको बहाव बढाइँदै

**प्रगति ढकाल**

काठमाडौँ, ७ कात्तिक (रासस)।

नेपालीहरूको दोस्रो ठूलो पर्व तिहारको रौनक सकिएसँगै अब भने छठ पर्वको तयारी भइरहेको छ। तराईमा मात्रै मनाइने छठ पर्व आजभोलि राजधानीमै बाक्लिँदै गएको छ।

स्वदेशमा मात्रै होइन, विदेशी भूमिमा छरिएर बस्नेका लागि छठ पर्वको उत्तिकै रौनक छाएको देखिन्छ। आस्था, विश्वास र सद्भावको पर्वका रूपमा मनाइने छठ पर्व आगामी सोमबार देशभर मनाइने तयारी भइरहेको छ। छठ पर्वलाई लक्षित गर्दै गाउँघर, टोलतिरका पोखरी तथा नदीहरूको सरसफाइको काम सुरु हुन थालेको छ। उपत्यकामा छठ पर्व मनाउने तयारीका साथ बागमती नदीलाई सरसफाइ गर्ने गरिन्छ।

यसैगरी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती सुधार आयोजनाले छठ पर्वमा धाप ड्यामको पानी बागमती नदीमा बगाउने तयारी गरिरहेको छ। बागमती नदीको पानीको बहाव बढाउन र ब्रतालुलाई स्नानका लागि सहज होस् भनेर आयोजनाले ड्याममा जम्मा भएको पानी नदीमा छोड्ने तयारी गरेको हो।

उपआयोजना निर्देशक तथा सूचना अधिकृत उद्धव नेपालले आइतबार मध्याह्नदेखि नै पानी नदीमा छाड्ने तयारी भइरहेको जानकारी दिनुभयो। "धाप ड्यामको पानी छाडेपछि पशुपति क्षेत्रसम्म आइपुग्नका लागि १४ घण्टा लाग्छ, त्यसर्थ हामीले अघिल्लो दिनबाटै पानी छोड्ने तयारी गरेका हौँ", उहाँले भन्नुभयो, "विशेष दिनहरूमा हामीले ड्यामको पानी बागमतीमा छाड्दै आएका छौँ।"

**प्रतिसेकेण्ड ४०० लिटर पानी छाड्ने**

समितिले बागमती नदीमा प्रतिसेकेण्ड ४०० लिटर पानी छठ पर्वका दुई दिनसम्म छाड्ने तयारी गरिरहेको छ। "यसरी पानी छाड्दा बागमती नदीमा घुँडासम्म पानी आउँछ र ब्रतालुलाई नदीमा स्नान गर्न र अर्घ्य चढाउन सहज हुने छ", नेपालले भन्नुभयो, "मेलम्ची खानेपानी विकास समितिसँग पानी छाड्नका लागि आग्रह गर्नेछौँ।"

**मेलम्ची खानेपानी विकास समिति भन्छः आवश्यकताअनुसार पानी छाड्ने छौँ**

मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले मेलम्ची नदीमा छठकै अवसरमा पानी छाड्नका लागि आधिकारिक रूपमा माग भएमा आवश्यकताअनुसार पानी छाड्न सकिने बताउनुभयो।

मनसुनजन्य विपद्बाट मेलम्ची खानेपानी आयोजनालाई जोगाउनका लागि हरेक वर्ष आयोजना नै बन्द हुने गरेको छ। आयोजना बन्द भएको समयमा धाप ड्यामकै पानी ल्याएर काठमाडौँका उपभोक्तालाई वितरण हुँदै आएको थियो।

सुन्दरीजल खानेपानी प्रशोधन परियोजनाका प्रमुख हेम बुढाथोकीले अहिलेसम्म आधिकारिक रूपमा बागमती नदीमा पानी छाड्नका लागि माग नभएको बताउनुभयो। "गत वर्षको मनसुन अवधिमा मेलम्ची बन्द हुँदा हामीले धाप ड्यामकै पानी सापटी लिने गरेका थियौं र छठ जस्ता महत्वपूर्ण पर्वमा मेलम्चीको पानी बागमतीमा बगाएर बहाव बढाउन सहयोग गरेका थियौँ", उहाँले भन्नुभयो, "यस वर्ष भने हामीले धाप ड्यामबाट सापटी पानी ल्याएका छैनौँ, तर आधिकारिक रूपमा माग भएमा पानी छाड्न सक्छौँ।"

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिका अनुसार छठ पर्व छिटो परेको र दसैँ अवधिमा भएको भारी वर्षाका कारण यस वर्ष वागमती नदीमा पानीको बहाव धेरै घटेको छैन। आवश्यकता परेमा मात्रै मेलम्चीबाट पानी मागेर बगाउन सकिने समितिको भनाइ छ।

**धाप ड्याम एकः महत्व अनेक**

काठमाडौँ उपत्यकाको पूर्वोत्तर गोकर्णेश्वर नगरपालिका-१ स्थित शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने धाप ड्याम धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेको छ। यससँगै ड्यामले बागमती नदीमा पानीको बहाव बढाएर नदीको सौन्दर्यता कायम गर्न सहयोग पुगेको समितिले जनाएको छ।

**धाप ड्यामले बढाउँदै पर्यटकीय चहलपहल**

धाप ड्यामको निर्माण कार्य सम्पन्न भइसकेपछि ड्याम अवलोकन गर्न जाने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्दै गएको समितिले जनाएको छ। काठमाडौँको चाबहिलबाट करिब ३५ किलोमिटर दूरीमा रहेको यो ड्यामको अवधारणा झन्डै एक दशकअघि सुरु भएको थियो। तीन वर्षअघि यसको उद्घाटन गरिएको हो।

शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जका सूचना अधिकृत शिवलाल गैरेले धाप ड्याम निर्माण भएपछि आन्तरिक तथा बाह्य पर्यटकहरूको चहलपहल बढेको जानकारी दिनुभएको छ। "पहिलाको भन्दा अहिले धेरै नै चहलपहल बढ्न थालेको छ, धाप ड्यामको सौन्दर्यता हेर्न आउने पर्यटकहरू प्रायः ट्रेकिङ रुटबाट हिँडेर आउने गर्छन्", उहाँले भन्नुभयो, "सडक पूर्वाधार राम्रो भएमा अझै पर्यटक आगमन बढाउन सकिन्छ, यसका लागि सरोकारवाला निकायबीच समन्वय बढाउन आवश्यक छ।"

**वर्षातमा पानी जम्मा, हिउँदमा बागमतीमा छाड्ने लक्ष्य**

धाप ड्याममा वर्षाको समयमा आकाशबाट परेको पानी जम्मा गर्ने र हिउँदको समयमा बागमती नदीमा छाड्ने लक्ष्यका साथ आयोजना निर्माण गरिएको थियो। वर्षातको समयमा यहाँ जम्मा गरिएको पानी हिउँदमा प्रतिसेकेण्ड ४०० लिटरको दरले बागमतीमा छाड्ने आयोजनाको लक्ष्य थियो।

एसियाली विकास बैंकको रु ८९ करोड सहयोगमा निर्माण भएको जलाशययुक्त धाप ड्यामबाट मुख्य पर्वस्हिरूमा बागमती नदीमा पानी छाड्ने गरिन्छ। ड्यामको लम्बाइ १७४ दशमलव सात मिटर र चौडाइ आठ मिटर रहेको छ। बाँध निर्माणपछि बनेको जलाशयको क्षेत्रफल १५ हेक्टर रहेको छ।

**दैनिक पानी छाड्न सम्भव भएन**

धाप ड्याममा जम्मा भएको पानी हिउँदको सुक्खा अवधिभर दैनिक रूपमा बागमती नदीमा पानी छाड्ने सरकारको लक्ष्य कार्यान्वयनमा चुनौती देखिएको छ। नदीको बहाव बढाउन आवश्यकताअनुसार ड्याममा पानी जम्मा हुन नसकेपछि दैनिक रूपमा पानी छाड्न नसकिएको उपनिर्देशक नेपालले बताउनुभयो। "हिउँदको सुक्खा अवधिमा बागमतीमा पानीको बहाव बढाउनका लागि प्रतिसेकेण्ड ४० लिटर पानी बगाउने योजना बनाएका थियौँ, तर त्यो परिणामले खासै उपलब्धि नदिने रहेछ", उहाँले भन्नुभयो, "परिणाम देखिन प्रतिसेकेण्ड ४०० लिटर पानी आवश्यक पर्छ, तर त्यति बगाउन ड्यामको क्षमता नभएकाले सुक्खा अवधिमा दैनिक पानी बगाउन सकेनौं।"

**छठ पर्वको महत्व**

छठ पूजा विशेष गरी नेपालका तराई क्षेत्रका नेपालीको प्रमुख पर्व हो। यो पर्व सूर्य उपासनासँग सम्बन्धित छ। यस पर्वमा महिलाले सूर्यदेव र छठी माताको आराधना गर्दै आफ्नो परिवारको कल्याण र समृद्धिको कामना गर्छन्।

छठ पर्व चार दिनसम्म चल्ने गर्छ। यस पर्वमा निष्ठा, पवित्रता र अनुशासनको विशेष महत्व हुन्छ। छठ पूजा कात्तिक शुक्ल चतुर्थीदेखि सुरु हुन्छ र सप्तमीका दिन सम्पन्न हुन्छ। यसमा नुहाउने, खाने, खरना, संध्याअर्घ्य र बिहानको अर्घ्य दिने जस्ता विभिन्न चरण हुन्छन्। मानव र प्रकृतिबीचको सम्बन्ध सुदृढ गर्ने पर्वका रूपमा छठलाई लिने गरिन्छ।

---

## *निर्वाचन तयारी ...*

**दल दर्ताका लागि चाहिने कागजात**

नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान, नियमावली र घोषणापत्र २/२ प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिन्ह, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना, केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आय श्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि खुलाउनुपर्छ।

यस्तै विधान वा नियमावलीमा भएको लोकतान्त्रिक व्यवस्था वा विधान वा नियमावलीमा गर्ने लोकतान्त्रिक व्यवस्था, विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था, विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरु समेत रहने समावेशी व्यवस्था, दलको विधानमा दलका सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था, केन्द्रीय भेलाबाट केन्द्रीय कार्यसमितिको चयन, विधान, झण्डा, लोगो कुन राख्ने चुनाव चिन्ह कुन रोज्नेसम्बनधी निर्णय भएको हुनुपर्ने हुन्छ। यसैगरी केन्द्रीय पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपि, निवेदन दर्ताको लागि सो निवेदन, विधान, नियमावली र घोषणापत्रमा सबै केन्द्रीय समितिका पदाधिकारीको हस्ताक्षरलगायतका सामग्री सम्लग्न भएको हुनुपर्छ।

**निर्वाचन प्रयोजनका लागि दलको सूचना आउँदै**

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ। त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ। आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालका अनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनाका लागि दल दर्ताको सूचना प्रकाशन हुनेछ।

सोका लागि आयोगले आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिनेछ। यसरी दर्ता गर्ने दलले मात्र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनका दल दर्ताका लागि निवेदन दिन पाउनेछन्।

**वातावरण बनाउन सरकार र दलहरु संवादमा**

निर्वाचनको वातावरण बनाउने सन्दर्भमा यही कात्तिक ४ गते प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक वातावरण बनाउन विघटित संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलसँग छलफल गर्नुभएको थियो। प्रमुख दलहरुले संसद् विघटनको न्यायिक परीक्षण, निर्वाचन सुरक्षाको वातावरणको सुनिश्चितता र सरकार-दलबीचको सौहार्द संवादको अवस्थामा निर्वाचनमा जान आफूहरु तत्पर रहेको जनाउँदै आएका छन्।

यसअघि राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा राष्ट्रपति निवासमा गत असोज २४ गते प्रधानमन्त्री कार्कीको उपस्थितिमा राजनीतिक दलसँग निर्वाचनको तयारीका विषयमा छलफल भएको थियो।

निर्वाचन आयोगले गत असोज ३० गते विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनका कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गरेका सहित २९ दलसँग गरेको छलफलमा नेताहरुले सरकारले आफूहरुसँग सघन छलफल गर्नुपर्ने आग्रह गरेका थिए। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभाको विघटन र निर्वाचनको घोषणा भएको थियो।

नेकपा (माओवादी केन्द्र) ले निर्वाचनमा जाने निर्णय गरिसकेको छ भने नेकपा (एमाले) ले प्रतिनिधिसभा पुनःस्थापनामा प्राथमिकता दिएको छ। नेपाली काँग्रेसको केन्द्रीय समितिको बैठक अर्को साता पुनः बस्दैछ।

---

## विश्व समाचार

### दक्षिण भारतमा बस आगलागीमा कम्तीमा २५ जनाको मृत्यु

हैदराबाद (भारत), ७ कात्तिक (रासस/एपी)।

दक्षिणी भारतको कुर्नुल जिल्लामा शुक्रबार बिहान मोटरसाइकलले यात्रु बसलाई पछाडिबाट ठोक्किएपछि बसमा आगो लागेपछि कम्तीमा २५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। यस घटनामा अन्य धेरै घाइते भएका छन्।

आन्ध्र प्रदेश राज्यको कुर्नुल नजिकै राजमार्गमा भएको दुर्घटनामा ४४ यात्रु बोकेको बस तेलङ्गाना राज्यको हैदराबादबाट कर्नाटकको बेङ्गलुरु तर्फ जाँदै थियो। बसमा आगो केही मिनेटभित्रै फैलियो र केही यात्रु झ्याल फुटाएर बाहिर निस्कन सफल भए भने धेरैको मद्दत पुग्नु अघि नै जलेर मृत्यु भयो। वरिष्ठ प्रहरी अधिकारी विक्रान्त पाटिलका अनुसार मोटरसाइकलले बसलाई पछाडिबाट ठोक्किँदा स्पार्कले बसको इन्धन ट्याङ्कीलाई भेटेको थियो।

बस चालकले आगो निभाउने प्रयास गरे पनि आगो नियन्त्रण गर्न नसकेको बताइएको छ। दुर्घटनाको समयमा अधिकांश यात्रु सुतिरहेका थिए। घटनामा अज्ञात बाइक सवारको पनि मृत्यु भएको अधिकारीहरूले जनाएका छन्।

फरेन्सिक विज्ञहरूको टोलीले घटनाको अनुसन्धान गरिरहेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र आन्ध्र प्रदेशका वरिष्ठ अधिकारी एन चन्द्रबाबु नायडूले शोक व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ।

यो भारतमा दुई हप्ताभन्दा कम समयमा भएको दोस्रो घातक बस आगलागी हो। यसै महिनाको सुरुमा राजस्थान राज्यमा पनि यात्रु बसमा सर्ट सर्किटका कारण आगो लागेको थियो र कम्तीमा २० जनाको मृत्यु भएको थियो।

### दिल्लीको घातक प्रदूषणसँग जुध्न भारतद्वारा पहिलो क्लाउड सिडिङ परीक्षण, कृत्रिम वर्षाको तयारी

नयाँदिल्ली, ७ कात्तिक (रासस/एएफपी)।

भारतले बिहीबार राजधानी नयाँदिल्लीमा पहिलो पटक क्लाउड सिडिङ (बादल बीउ रोप्ने) परीक्षण सञ्चालन गरेको छ। यस अभियानको उद्देश्य वायुमण्डलमा रहेका घातक धुवाँ र कणहरूलाई वर्षाको माध्यमबाट हटाउने तथा सहरको प्रदूषणलाई नियन्त्रणमा ल्याउने रहेको बताइएको छ।

क्लाउड सिडिङ भन्नाले वर्षा उत्प्रेरित गर्न विमानमार्फत नुन वा अन्य रासायनिक पदार्थहरू बादलमा फायर गर्ने प्रक्रिया हो। यसरी कृत्रिम रूपमा वर्षा गराई वायुमण्डलीय प्रदूषणलाई कम गर्ने उद्देश्यले यो प्रविधि विश्वका केही मुलुकले पहिले नै प्रयोग गर्दै आएका छन्।

नयाँदिल्लीका अधिकारीहरूले इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आइआइटी) कानपुरसँगको सहकार्यमा सहरको उत्तरी क्षेत्र बुराडीमा सेस्ना हल्का विमान प्रयोग गरी बिहीबार दिउँसो परीक्षण सुरु गरेका हुन्।

दिल्लीका मन्त्री मञ्जिन्दर सिंह सिरसाले विज्ञप्ति जारी गर्दै भन्नुभयो, "आज क्लाउड सिडिङको परीक्षण उडान सम्पन्न गरिएको छ, जसमा फ्लेयर्स प्रयोग गरी बादलमा रासायनिक कण फायर गरियो।" उहाँका अनुसार, यो उडानले विमानको क्षमताको मूल्याङ्कन, उपकरणहरूको सहनशीलता, समन्वय संयन्त्र र क्लाउड सिडिङका लागि आवश्यक तयारीको प्रमाणीकरण गरेको हो।

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले भन्नुभयो, "यदि मौसम अनुकूल रह्यो भने, दिल्लीले अक्टोबर २९ मा पहिलो कृत्रिम वर्षा अनुभव गर्नेछ।" उहाँले यो परियोजना दिल्लीवासीका लागि 'स्वच्छ हावा फिर्ता ल्याउने महत्त्वपूर्ण कदम' भएको बताउनुभयो।

तर, परीक्षणमा कुन रसायन प्रयोग गरिएको थियो भन्ने जानकारी तत्काल सार्वजनिक गरिएको छैन। तीन करोडभन्दा बढी जनसङ्ख्या भएको नयाँदिल्लीलाई संसारकै सबैभन्दा प्रदूषित राजधानीहरूमध्ये एक मानिन्छ। प्रत्येक जाडोमा सहर बाक्लो धुवाँले ढाकिन्छ। चिसो हावाले प्रदूषक तत्वहरूलाई जमिनको नजिक थुनेर बाली जलाउने, उद्योग धुवाँ र ट्राफिकको उत्सर्जन मिसिएर घातक प्रदूषणको मिश्रण बनाउँछ।

रगतमा प्रवेश गर्न सक्ने सानो आकारको हुने र क्यान्सरसमेत उत्पन्न गर्न सक्ने ए : २.५ नामक सूक्ष्म कण कहिलेकाहीँ संयुक्त राष्ट्रसङ्घको दैनिक स्वास्थ्य सीमा भन्दा ६० गुणासम्म बढी पाइन्छ। रदीपावली पर्वको आतशबाजीपछि यस हप्ताको प्रदूषण स्तर झनै बढेको छ। एः २.५ को मात्रा सीमाभन्दा ५६ गुणा बढी पुगेको निगरानी संस्था 'आइक्युएयर' ले जनाएको छ। यो वृद्धि सर्वोच्च अदालतले यसअघि नै पूर्ण प्रतिबन्ध हटाएर 'हरियो पटाका' अर्थात् कम प्रदूषण गर्ने आतशबाजीलाई अनुमति दिएको निर्णयपछि आएको हो।

बिहीबार बिहान मात्र नयाँदिल्लीका केही क्षेत्रमा ए : २.५ को स्तर १५४ माइक्रोग्राम प्रति घनमिटर पुगेको थियो। यो विश्व स्वास्थ्य सङ्गठनको सिफारिस भन्दा १० गुणा बढी हो।

सेप्टेम्बरमा गरिएको एक अध्ययनले दिल्लीको ऐतिहासिक लालकिल्ला समेत प्रदूषणका कारण कालो हुँदै गएको निष्कर्ष निकालेको थियो। भारतीय र इटालियन वैज्ञानिकहरूको संयुक्त टोलीले हेरिटेज जर्नलमा प्रकाशित अध्ययनमा युनेस्को विश्व सम्पदा स्थल लालकिल्ला निरन्तर कालो क्रस्टले ढाकिँदै क्षय हुँदै गएको चेतावनी दिएको छ।

कहिले खडेरी कम गर्न, कहिले वन आगलागी नियन्त्रणमा त कहिले हवाई यातायातमा कुहिरो हटाउन सन् १९४० को दशकमा विकसित गरिएको क्लाउड सिडिङ प्रविधि दशकौँदेखि विभिन्न देशले प्रयोग गर्दै आएका छन्। चीनले सन् २००८ को ओलम्पिकका बेला बेइजिङमा वर्षा रोक्न यही प्रविधिको प्रयोग गरेको थियो।

तर वैज्ञानिकहरूबीच यस प्रविधिको प्रभावकारितामा मतभेद छ। केही अनुसन्धानहरूले क्लाउड सिडिङले अपेक्षित परिणाम नदिने र लक्षित क्षेत्रबाहेक अन्य क्षेत्रमा अप्रत्याशित असर पर्ने देखाएका छन्। त्यसैले दिल्लीको यो प्रयास सफल हुनेछ वा छैन भन्ने विषयमा वैज्ञानिक मूल्याङ्कन अझै बाँकी छ।

# ‘जेनजी’ आन्दोलनको भावनाअनुसार अघि बढ्न सरकारलाई खबरदारी

काठमाडौँ, ७ कात्तिक (रासस)।

‘जेनजी’ युवाहरुले आन्दोलनको भावनाअनुसार अघि बढ्न सरकारलाई खबरदारी गरेका छन्।

‘जेनजी युनाइटेड-फर परिवर्तन’ संस्थाले शुक्रबार माइतीघर मण्डलामा आयोजना गरेको खबरदारी सभामा सम्बोधन गर्दै अभियान्ताहरुले देशभरको जेनजीलाई एकताबद्ध बनाउन सरकारले नै पहल गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँहरुले सरकार जेनजी आन्दोलनको भावनाअनुसार अघि बढ्न नसकेको, सम्पूर्ण जेनजी युवालाई एकताबद्ध बनाउनुको सट्टा बेग्लाबेग्लै समूहमा विभाजित गर्न भूमिका खेलेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँहरुले जेनजी युवालाई एकताबद्ध गराउन सरकारले तत्काल ७७ वटै जिल्लामा ‘जेनजी सम्मेलन’ आयोजना गर्नुपर्ने धारणा राख्नुभएको थियो।

जेनजी आन्दोलनको घाइते मदन कार्कीले सरकारले आफूहरुको माग सुनुवाइ नगरी निर्वाचनमा सहभागी हुन दबाब दिएको जनाउँदै माग पूरा गराउन सम्पूर्ण जेनजी एक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। “जेनजी युवा सडकमा विजयी र वार्तामा पराजित भए पनि अब एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्छ”, उहाँले भन्नुभयो, “जात, भाषा, पार्टी बिर्सेर सम्पूर्ण जेनजी एकताबद्ध हुनुपर्छ, अहिले हाम्रो राष्ट्र भन्दा ठूलो केही छैन।”

घाइते कार्कीले २०८४ को निर्वाचनलाई २०८२ मा सार्नका लागि मात्रै वर्तमान सरकार नबनेको भन्दै आन्दोलनको भावना र माग पूरा गर्न सरकार प्रतिबद्ध हुनुपर्ने बताउनुभयो।

जेनजी एकताको माग गर्दै माइतीघरमा खबरदारी सभा गर्दै आएको सो संस्थाले आफूहरुको माग पूरा नभएसम्म विरोध जारी रहने जनाएको छ। जेनजी एकता अभियान्ता ज्योतिका राईले सरकारले नै सम्पूर्ण जेनजी युवालाई एकताबद्ध हुन पहल र आह्वान गर्नुपर्ने आफूहरुको माग रहेको र सो माग पूरा नभएसम्म विरोध जारी रहने बताउनुभयो।

### दूतमार्ग निर्धारित ...

आयोजनाअन्तर्गतका सात वटा सुरुङमध्ये दुई वटा छिचोलिएको, दुई वटा निर्माणाधीन रहेका र तीन वटाको ‘पोर्टल’ कार्य भइरहेको सेनाले जनाएको छ। सेनाले आयोजनाको लक्ष्यअनुसार कार्यसम्पन्न गर्न विशेष प्रयास गरिरहेको निर्देशक झाले बताउनुभयो।

### सीसी टिभी ...

चोरले मुलगेट र त्यसपछी कोठाको ताल्चा फुटाएर २ लाख ५० हजार मुल्य बराबरको घनसम्पती चोरेर लगेका थिए।

घरपट्टी झाले चोरीमा एक जना छिमेकी कै संलग्नता रहेको दाबी गर्दै प्रहरीमा उनी विरुद्ध किटानी जाहेरी नै दिएका छन। उनले ती ब्यक्ती चोरी गर्न घर प्रवेश गर्ने क्रममा मुल गेटको ताल्चा फोड्दै गरेको दृश्य अर्का एक छिमेकीको सीसी टिभी क्यामरामा कैद भएको र सो को फुटेज समेत प्रहरीलाई उपलब्ध गराउँदै दोषीलाइ कडा कारवाही गर्न माग गरेका छन।

# पार्टीको आन्तरिक विवाद केन्द्रीय कमिटी बैठकबाट टुङ्ग्याइने

काठमाडौँ, ७ कात्तिक (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले यही कात्तिक १२ गते केन्द्रीय कमिटी बैठक काठमाडौँमा बोलाएको छ। विभिन्न वामपन्थी शक्तिसँग एकताका लागि आएको प्रस्तावमा छलफल गर्न बैठक बोलाइएको हो।

वामपन्थी, कम्युनिष्ट र समाजवादी पार्टीहरुसँग चलिरहेको एकतासम्बन्धी वार्ता प्रक्रियालाई यथाशिघ्र निष्कर्षमा पुऱ्याउन केन्द्रित हुने बैठकमा एकतापछिको पार्टीको सैद्धान्तिक दृष्टिकोण, नेताहरुको व्यवस्थापनलगायत विषयमा छलफल गरिने केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो।

वैचारिक विवाद, सङ्गठनको आन्तरिक द्वन्द्व केन्द्रीय कमिटी बैठकबाट टुङ्ग्याइने भएको छ। पार्टीका अधिकांश नेताहरुले अहिले केही कम्युनिष्टलाई पार्टी एकीकृत गर्न अगाडि सबै वामपन्थीबीच ध्रुवीकरणका लागि गृहकार्य गर्नुपर्ने सुझाव दिएका छन्।

प्रतिनिधिसभाको निर्वाचन घोषित मितिमा, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न पार्टीले निर्वाह गर्नुपर्ने भूमिका, निर्वाचन प्रक्रियामा सक्रियरुपमा लाग्न पार्टी र जनवर्गीय सङ्गठनका सबै कमिटीलाई परिचालन गर्ने बैठकले वर्तमान संकटको समाधान, गणतन्त्र र संविधानको रक्षा एवं निर्वाचनको भरपर्दो वातावरण बनाउनका लागि लोकतान्त्रिक गणतन्त्र र संविधान पक्षधर शक्ति तथा पार्टीबीच सम्वाद र सहकार्य अघि बढाउने जिम्मेवारी दिने छ।

समाजवादी मोर्चामा आबद्ध दललगायत अन्य वामपन्थी शक्तिबीच एकताको गृहकार्य गरेको एकीकृत समाजवादीलाई नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले एकता गर्न आह्वान गर्नुभएको थियो।


मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार



भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np